(३) उपनियम (३) को,-

(क) खण्ड (क) मा रहेको "दश हजार रुपैया सम्मको" भन्ने शब्दहरूको सट्टा "वीस हजार रुपैया सम्मको" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (ख) मा रहेको "दश हजार रुपैया भन्दा बढी पचास हजार रुपैया सम्मको" भन्ने शब्दहरूको सट्टा "बीस हजार रुपैया भन्दा बढी एक लाख पचास हजार रुपैयां सम्मको" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) खण्ड (ग) मा रहेको "पचास हजार रुपैया भन्दा" भन्ने शब्दहरूको सट्टा "एक लाख पचास हजार रुपैया" भन्दा भन्ने शब्दहरू राखिएका छन् ।

(४) उप-नियम (४) को पहिलो हरफमा रहेको "श्री ५ को सरकारले आवश्यक देखेमा" भन्ने शब्दहरूको सट्टा "विशेष परिस्थितिमा सम्बन्धित मन्त्रालयले" भन्ने शब्दहरू र सोही उप-नियमको चौथो हरफमा रहेको "पचास हजार रुपैया भन्दा" भन्ने शब्दहरूको सट्टा "एक लाख रुपैया" भन्दा भन्ने शब्दहरू राखिएका छन् ।

(५) उप-नियम (५) को सट्टा देहायको उप-नियम (५) राखिएको छ :-

"(५) उप-नियम (३) को खण्ड (ग) बमोजिम बोलपत्र माग गरिएकोमा बोलपत्र नपरी वा अन्य कुनै कारणबाट अमानतबाट निर्माण कार्य गराउनु परेमा एक तह माथिको अधिकृतको स्वीकृती लिई स्वीकृत लागत अनुमान बमोजिम निर्माण कार्य गराउन सकिने छ ।"

(६) उप-नियम (५) पछि देहायको उप-नियम (५क) थपिएको छ :-

"(५क)उप-नियम (५) बमोजिम अमानतबाट निर्माण कार्य गर्नु परेमा त्यस्तो निर्माण कार्यको खण्ड खण्ड गरी ठेक्कामा दिन वा आवश्यक निर्माण सामग्री उपलब्ध गराई ज्यालाको ठेक्का दिन सकिनेछ ।"

(७) उप नियम (७) मा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर भैपरी आउने (कन्टीनजेन्सी) रकम प्रकाशित गरिने छैन ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
342

(८) उप-नियम (८) को सट्टा देहायको उप-नियम (८) राखिएको छ :-

"(८) बोलपत्र आव्हान गर्दा लगत अनुमान बमोजिम चाहिने खास मालसामान (सिमेण्ट, फलामे डण्डी, कर्कट पाता, बिटुमिन सरकारी वा सरकारी स्वामित्व भएको संस्थाबाट उत्पादित वा वितरित इटा, टायल काठ इत्यादि) को दरभाउ पनि खुलाई दिने व्यवस्था मिलाउनु पर्नेछ । बोलपत्र स्वीकृत भई संझौता गर्दा ठेक्का पट्टाको शर्तमा सो दरभाउ र काम गर्ने कार्यतालिका समेत उल्लेख गर्नु पर्नेछ । यसरी बोलपत्र तथा ठेक्का पट्टाको शर्तमा दरभाउ उल्लेख भएकोमा सो दरभाउको १० (दश) प्रतिशत र प्रति इकाई खर्चको १५ (पन्ध्र) प्रतिशत सम्मको घटी बढी हुन आएमा थपघट गरिने छैन । सो दरभाउमा १० (दश) प्रतिशत प्रति इकाई खर्चमा १५ (पन्ध्र) प्रतिशत भन्दा घटी भएमा ती मालसामानको १० (दश) प्रतिशत र प्रति इकाई खर्चको १५ (पन्ध्र) प्रतिशतले जुन घटी हुन्छ सो सम्मको रकम घटी भएमा ठेकेदारको बीलबाट कट्टी गरी लिने तथा बढी भएमा ठेकेदारलाई थप गरी दिइने छ । यसरी घटी बढी भएको रकमको भुक्तानी प्रयोजनको लागि सम्वन्धित कार्यालय तथा ठेकेदारले बोलपत्र तथा ठेक्का पट्टाको शर्तमा उल्लेखित माल सामान मध्ये ठेक्काको काममा प्रयोग भएको निर्माण सामाग्रीको विवरण राख्नु पर्नेछ । साथै ठेकेदारले उत्पादक वा आयकर दर्ता प्रमाणपत्र भएको बिक्रेता संग खरिद गरेको मालसामानको बील पनि पेश गर्नु पर्नेछ ।

तर ठेकेदारले कार्यतालिकामा उल्लेखित भए बमोजिम गर्नु पर्ने काम ढिला सुस्तीको कारणबाट संझौतामा तोकिएको म्याद भित्र सम्पन्न गर्न नसकी त्यसरी तोकिएको म्याद भन्दा बढी समय लाग्न गएमा त्यस्तो ठेकेदारलाई यस उप-नियम बमोजिम बृद्धि रकम दिइने छैन ।"

(९) उप-नियम (१०) को सट्टा देहायको उपनियम (१०) राखिएको छ :-

"(१०) एक करोड रूपैया वा सो भन्दा बढी रूपैयाको निर्माण तथा हेभी इक्वीपमेण्ट सम्वन्धी ठेक्का पट्टाको बोलपत्र आव्हान गर्नु भन्दा अधि राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रिक्वालिफिकेशनको लागि तीस दिन देखि नव्वे दिनसम्मको म्याद दिई प्रश्नावली तयार गरी वर्गीकृत ठेकेदारहरूबाट दरखास्त आव्हान गर्न सकिने छ। यसरी प्रिक्वालिफिकेशनको दरखास्तको आव्हान गर्दा प्रिक्वालिफिकेशनका आधारहरू (प्राविधिक क्षमता, आर्थिक क्षमता, अनुभव) मूल्यांकन भार (पूर्णांक) १००, र प्रति इकाई भार कार्य प्रकृति अनुसार २० देखि ६० नम्वर) छान्ने अधिकार समेत तोकी छनौट समिति सम्वन्धित मन्त्रालयको सचिवले गठन गर्नु पर्नेछ । प्रिक्वालीफिकेशनको आधार तथा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२४६

मूल्यांकन भार बोलपत्र खोल्ने मिति अगावै स्वीकृत भएको हुनु पर्नेछ । नियम २४ मा जुनसुकै कुरा लेखिएता पनि प्रिक्वालिफिकेशनको निम्ति आव्हान गरी छानिएका प्रिक्वालिफिकेशनहरुबाट मात्र आवश्यकता हेरी १५ देखि ८० दिन सम्मको म्याद दिई बोलपत्र आव्हान गर्न सकिनेछ ।"

(१०) उप-नियम (११) को सट्टा देहायको उप-नियम (११) राखिएको छ :-

"(११) यस नियम बमोजिम दरभाउपत्र वा बोलपत्र वा घटाघट गरी ठेक्काबाट काम गराउदा ठेकेदार सम्वन्धी नियमावली, २०३१ अन्तर्गत दर्ता भएका ठेकेदारहरुबाट गराउनु पर्नेछ तर श्री ५ को सरकारले कुनै दुर्गम क्षेत्रको निम्ति यो बन्देज हटाउन सक्नेछ ।"

(११) उप-नियम (१३) को सट्टा देहायको उप-नियम (१३) राखिएको छ :-

"(१३) स्वीकृत लागत अनुमान बमोजिम निर्माण सम्वन्धी काम सम्पन्न भए पछि कार्यालय प्रमुखले त्यस्तो निर्धारित ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेशन बमोजिम गुणस्तर युक्त काम भए नभएको जांच बुझगरी कार्य सम्पन्नताको प्रतिवेदन तयार गर्नु पर्नेछ । यस्तो प्रतिवेदन विभागीय प्रमुख र निज मार्फत सम्वन्धित मन्त्रालयमा कार्य सम्पन्न भएको एक महिना भित्र पठाई सक्नु पर्नेछ । यसरी प्रतिवेदन प्राप्त भए पछि विभागीय प्रमुख वा सम्वन्धित मन्त्रालयले सम्पन्न भएको कामको पूर्ण जांचबुझ गर्न कुनै अधिकृत कर्मचारीलाई खटाउन पर्नेछ। यसरी जांचबुझगर्ने काम सो निर्माण कार्यमा प्रत्यक्ष रुपमा संलग्न कर्मचारीबाट गराउनु हुदैन। यसरी गरिने जांचबुझको अतिरिक्त काम हुँदा कै बखतमा पनि विभागीय प्रमुखले प्रगतिको प्रतिवेदन लिन सक्नेछ ।"

(१२) उप-नियम (१३) पछि देहायको उप-नियम (१४) र (१५) थपिएका छन् :-

"(१४) यस नियम बमोजिम जिल्ला स्तरीय निर्माण सुधार कामको लागत अनुमान तयार गर्ने, जांच गर्ने तथा स्वीकृत ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेशन बमोजिम गुणस्तर युक्त काम भए नभएको सुपरिवेक्षण गरी जांच बुझगर्ने जिम्मेवारी सम्वन्धित भवन, आवास तथा शहरी विकास शाखाको हुनेछ ।

तर निर्माण सुधार काम गर्ने गराउने कार्यालयमा नै सम्वन्धित प्राविधिक विशेषज्ञ भएमा निज बाटै सो काम गराउन बाधा पुगेको मानिने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २४८

(१५) यस नियममा जे सुकै लेखिएता पनि श्री ५ को सरकार र विदेशी सरकार वा विदेशी सरकारको स्वामित्व भएको संस्था वा अन्तर्राष्ट्रिय संस्थाहरु वीच भएको अनुदान वा ऋण सहायता सम्वन्धी संझौता बमोजिम निर्माण सुधार कार्य गर्दा सोही संझौता बमोजिम गर्न सकिनेछ ।"

१७. <u>मूल नियमावलीको नियम २३ मा संशोधन</u> : मूल नियमावलीको नियम २३ को सट्टा देहायको नियम २३ राखिएको छ :-

"२३. <u>प्राविधिक सल्लाहको लागि कुनै व्यक्ति वा फर्मलाई नियुक्ति गर्न सकिने</u> : (१) नियम २२ मा जुनसुकै कुरा लेखिएको भएतापनि विभागीय पदाधिकारीबाट हुन नसक्ने भएमा मात्र ड्रइङ्ग, डिजाइन, स्पेसिफिकेशन, सर्वेक्षण र निर्माण कार्यको रेखदेख वा कुनै प्राविधिकबाट प्राविधिक सेवा लिन सकिनेछ । यसरी प्राविधिक सेवा लिने सम्वन्धमा सम्वन्धीत मन्त्रालयको सचिवले निर्णय गर्नु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम प्राविधिक सेवा प्राप्त गर्नु परेमा सो विषयको प्राविधिक वा संस्थालाई देहाय बमोजिम नियुक्त गर्न सकिनेछ :-

(क) रु. २५,००० (पच्चीस हजार रुपैया) सम्मको सेवा शुल्क लाग्नेमा सोझै वार्ताबाट ।

(ख) रु. २५,००० (पच्चीस हजार रुपैया) भन्दा माथि रु. ५०,००० (पचास हजार रुपैया) सम्म शुल्क लाग्नेमा दरभाउ पत्रबाट ।

(ग) रु. ५०,००० (पचास हजार रुपैया ) भन्दा बढी जतिसुकै रकमको सेवा शुल्क लाग्नेमा बोलपत्रबाट।

(३) उप-नियम (२) को खण्ड (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्री ५ को सरकारले पचास प्रतिशत भन्दा बढी पूंजी लगाएको संस्थालाई प्राविधिक सेवाको निम्ति नियुक्ति गर्नु पर्दा वार्ताबाट गर्न सकिनेछ ।

(४) यस नियम बमोजिम प्राप्त हुन आएका दरभाउपत्र वा बोलपत्रको मूल्यांकन र छनौटका आधारहरु त्यस्तो दरभाउपत्र वा बोलपत्र खोलिनु भन्दा अगावै नै स्वीकृत भई सकेको हुनु पर्नेछ । यसरी दरभाउपत्र वा बोलपत्रको मूल्यांकन र छनौट गर्ने आधारहरु दुई लाख रुपैया सम्मको लागि भए विभागीय प्रमुखले र दुई लाख रुपैया भन्दा बढीको लागि भए सम्वन्धित मन्त्रालयको सचिवले स्वीकृत गरेको हुनु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उप-नियम (२) बमोजिम दरभाउ पत्र वा बोलपत्र लिने प्रयोजनको लागि त्यस्तो दरभाउपत्र वा बोलपत्र दिने चाहने संस्थाको नाम, ठेगाना प्रोप्राइटर वा साझेदारको नाम ठेगाना तथा यस्तो संस्थाको स्थापना मिति अनुभव, आर्थिक स्थिति र अन्य आवश्यक कुराहरू समेत स्पष्ट खुलाई पठाउन राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गर्नु पर्नेछ ।

(६) यी नियमहरुमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उप-नियम (५) बमोजिम माग गरिएको बोलपत्र साथ बोल अंकको एक प्रतिशत नगद जमानत वा बैंक ग्यारेन्टी (बिडबण्ड) दिनु पर्नेछ । बोलपत्र स्वीकृत भएमा बैंक ग्यारेन्टी राखेको भए त्यस्तो बैंक ग्यारेन्टीको परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ ।

(७) उप-नियम (२) बमोजिम बोलपत्र माग गर्दा प्राविधिक तथा आर्थिक दुबै प्रस्ताव एकै साथ माग गरिनेछ । प्राविधिक प्रस्ताव स्वीकृत भएपछि स्वीकृत हुनेहरूको नाम आर्थिक प्रस्तावमा खोलिनेछ ।

(८) नियम २९ मा जुनसुकै कुरा लेखिएको भएतापनि दुई लाख रूपैया सम्मको प्रस्ताव विभागीय प्रमुखले र सो भन्दा बढी रूपैयाको प्रस्ताव सम्बन्धित मन्त्रालयका सचिवले स्वीकृत गर्न सक्नेछ ।

(९) निर्माण कार्यको डिजाइन, इष्टिमेट तयार गर्न र रेखदेखको लागि आयोजनाको कूल लागत (प्रशासकिय खर्च बाहेक) को ३ प्रतिशत भन्दा बढी सेवा शुल्क दिन हुदैन । अन्य विभिन्न विशेषज्ञता सम्बन्धी कुरामा उक्त प्रतिशत भन्दा बढी दिनु पर्ने भएमा त्यस्ता कुरा खुलाई श्री ५ को सरकारले तोक्न सक्नेछ ।

(१०) स्थानीय प्राविधिक सल्लाहकारबाट काम हुन नसकेमा वा ऋण तथा सहायता दिने सरकार तथा संस्थासंग भएको संझौता अनुसार विदेशी सल्लाहकार नियुक्त गर्नु पर्ने भएमा श्री ५ को सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ ।

(११) प्रस्तावहरुको अध्ययन शुरु गरेको मितिले ३५ दिन भित्र मूल्यांकन गरी सिफारिस सहित स्वीकृत गर्ने पदाधिकारी समक्ष पेश गर्नु पर्नेछ र स्वीकृत गर्ने पदाधिकारीले पनि आफू कहाँ पेश भएको ७ दिन भित्र सब भन्दा कम सेवा शुल्क लिई काम गर्ने प्राविधिक वा संस्थाको प्रस्ताव स्वीकृत गर्नु पर्नेछ कम सेवा शुल्कलिई काम गर्ने चाहने प्रस्तावबालाको स्थिति तथा शर्तहरु पुरा गर्न सक्ने नसकिने सबै विचार गरी त्यस्ता लाई काम गर्न दिन उपयुक्त हुने देखिएमा बढीदरवालालाई पनि नियूक्ति गर्न सकिनेछ । तर त्यसरी नियूक्ति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नु पर्ने कारण स्पष्ट खोलि एक तह माथिको अधिकृतको लिखित स्वीकृती लिनु पर्नेछ ।

(१२) प्राविधिक सेवा प्राप्त गर्न सो विषयसंग सम्बन्धित प्राविधिक वा संस्थालाई नियूक्ति गर्दा एक प्राविधिक वा संस्थालाई एउटा भन्दा बढी काम र एउटा काम नसकी अर्को काम थप दिन हुदैन यसको लागि प्राविधिक सेवामा नियूक्ति भएका प्राविधिज्ञ वा संस्था नाम कामको प्रकृति सेवा शुल्क, काम पाएको र सम्पन्न गरेको मिति समेत देखिने गरी लगत राख्नु पर्नेछ ।

(१३) माथि उप-नियमहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि प्राविधिक सल्लाहकार नियूक्ति सम्बन्धमा आवश्यकतानुसार अर्थ मन्त्रालयले अन्य कार्यविधि पनि तोक्न सक्नेछ ।"

१८. <u>मूल नियमावलीको नियम २४ मा संशोधन</u> : मूल नियमावलीको नियम २४ को,-

(१) उप-नियम (१) को ठाउँ ठाउँमा रहेको "पाँच लाख रूपैया भन्ने" शब्दहरूको सट्टा "दश लाख रूपैया भन्ने शब्दहरू र सोही उप-नियमका ठाउँ ठाउँमा रहेको "स्थानीय पञ्चायत" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति नगर पालिका, जिल्ला विकास समिति" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-नियम (१) पछि देहायको उप-नियम (१क) र (१ख) थपिएका छन् :-

"(१क) उप-नियम (१) बमोजिम बोलपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम तोक्दा राष्ट्रियस्तरको पत्र पत्रिकामा बोलपत्र सूचना प्रकाशित हुनेमा सम्बन्धित मन्त्रालय वा विभागमा समेत बोलपत्र खरीद गर्न र पेश गर्न सक्ने गरी सूचना प्रकाशित गर्नु पर्नेछ । सो बाहेक अरू स्थानमा पनि बोलपत्र खरिद गर्ने तथा पेश गर्ने व्यवस्था मिलाउन पनि सकिनेछ ।

(१ख) उप-नियम (१क) बमोजिम बोलपत्र माग गर्ने कार्यालयको अतिरिक्त अरू कार्यालयमा बोलपत्र लिने दिने व्यवस्था भएकोमा सो कार्यालय वा अधिकारीले बोलपत्र खोलन तोकिएको मिति र समयमा परेका बोलपत्र खोली कैफियत समेतको मुचुल्का सहित त्यस्तो बोलपत्र तीन दिन भित्र छिटो साधन द्वारा बोलपत्र माग गर्ने कार्यालयमा पठाउनु पर्नेछ । बोलपत्र नपरेकोमा पनि त्यस्तो कार्यालयले बोलपत्र नपरेको कुराको सूचना बोलपत्र माग गर्ने कार्यालयमा पठाउनु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

220

(३) उप-नियम (२) को सट्टा देहायको उप-नियम (२) राखिएको छ :-

"(२) बोलपत्र दाखिल गर्नु पर्ने म्यादको हकमा पांच लाख रूपैया सम्मको बोलपत्र भए बोलपत्र प्रकाशित भएको मितिले पन्ध्र दिन, पांच लाख रूपैया देखि चालीस लाख रूपैया सम्मको बोलपत्र भए २१ दिन र सो भन्दा बढी भए आवश्यकतानुसार पैतालीस दिन देखि तीन महिना सम्मको म्याद दिनु पर्नेछ ।"

(४) उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छ :-

"(३) बोलपत्र दिने व्यक्तिले बोलपत्र साथ उप-नियम (७) बमोजिम हुने नगद जमानत वा बैंक ग्यारेन्टी (विडबण्ड) पेश गर्नु पर्नेछ । बोलपत्र स्वीकृत भएमा ठेक्का पट्टा गर्ने ठेक अंकको पांच प्रतिशतको हिसाबले हुने नपुग नगद जमानत वा ठेक अंकको पांच प्रतिशतले हुने रकम बराबरको परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ । यसरी बैंक ग्यारेन्टी लिंदा सम्बन्धित कार्यालयले मागेका बखत बैंकले तुरुन्त भुक्तानी दिने र ठेक्का पट्टाको अवधि भर ग्यारेन्टी मान्य हुने शर्त रहेको बैंक ग्यारेन्टी मात्र मान्य हुनेछ । नेपाल अधिराज्य भित्रको बैंकबाट इण्डोर्स भएको विदेशी बैंक ग्यारेन्टीलाई मात्र मान्यता दिइनेछ। नगद जमानत राखेकोमा पछि बैंक ग्यारेन्टीमा परिवर्तन गर्न पाइने छैन ।"

(५) उप-नियम (४) मा रहेको "दश लाख रूपैयासम्मको बोलपत्रको लागि रू. ३०।-, दश लाख रूपैया भन्दा माथि तीस लाख रूपैयासम्मको रू. १००।-, तीस लाख रूपैंया भन्दा माथि एक करोड रूपैंयासम्मको लागि रू. ३००।-, एक करोड भन्दा माथि जतिसुकै रकमको बोलपत्र भए पनि रू. ५००।-" भन्ने शब्दहरूको सट्टा "बीस लाख रूपैंयासम्मको बोलपत्रको लागि रू. १००।-, बीस लाख रूपैंया भन्दा माथि साठी लाख रूपैंयासम्मको लागि रू. ५००।-, साठी लाख रूपैंया भन्दा माथि दुई करोड रूपैंयासम्मको लागि रू. १०००।- र दुई करोड रूपैया भन्दा माथि जतिसुकै रकमको बोलपत्र भए पनि रू. २,०००।-" भन्ने शब्दहरू राखिएका छन् ।

(६) उप-नियम (७) को सट्टा देहायको उप-नियम (७) राखिएको छः-

"(७) उप-नियम (१) को खण्ड (च) बमोजिमको जमानत वापतको रकम लगत अनुमान अंकको साढे दुई प्रतिशतले हुने कूल रकम नै किटान गरी सूचना प्रकाशित गर्नु पर्नेछ । यस्तो रकमको नगद जमानत वा बैंक ग्यारेन्टी बोलपत्र साथ बोलपत्र पिच्छे छुट्टै दाखिला गर्नु पर्ने र बोलपत्र स्वीकृत भएपछि ठेक्का



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पट्टा गर्ने ठेक अंकको पांच प्रतिशतले नपुग रकम वा ठेक अंकको पांच प्रतिशत हुने रकमको परफरमेन्स बण्ड दाखिला गर्नु पर्नेछ भन्ने व्यहोरा बोलपत्र सम्बन्धी सूचनामा खुलाइएको हुनु पर्नेछ ।

तर अनुमान नहुनेमा बोलपत्र अंकको साढे दुई प्रतिशतले हुने रकम राख्ने व्यवस्था मिलाउन बाधा पर्नेछैन ।"

१९. <u>मूल नियमावलीमा नियम २६ क. थप</u> : मूल नियमावलीको नियम २६ पछि देहायको नियम २६क थपिएको छ :-

"२६क. <u>स्थानीय एजेन्ट भएका विदेशी बोलपत्रवालाको सम्बन्धमा हुने कारवाही</u> : यी नियमहरूमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि विदेशी फर्म, कम्पनी वा व्यक्तिको बोलपत्रको सम्बन्धमा देहाय बमोजिम हुनेछ :-

(क) नेपाल अधिराज्य भित्र आफ्नो स्थानीय एजेन्ट वा प्रतिनिधि नियुक्ति भएकोमा बोलपत्र मूल्यांकन गर्दा निजले पाउने कमिशन अंकलाई पनि आधार बनाउनु पर्नेछ ।

(ख) विदेशी फर्म वा कम्पनी वा व्यक्तिको बोल अंक बराबर भएको मा स्थानीय एजेन्ट वा प्रतिनिधिलाई बढी कमिशन दिने फर्म कम्पनी वा व्यक्तिको बोलपत्रलाई प्राथमिकता दिइनेछ ।

(ग) नियम २६ को उप-नियम (१) को खण्ड (ख) को उप-खण्ड (२) बमोजिम स्थानीय एजेन्टले पाउने कमिशन अंक गलत उल्लेख गरेको प्रमाणित हुन आएमा त्यस्तो झुट्टा विवरण दिने कम्पनी, फर्म वा व्यक्ति र निजको एजेन्ट वा प्रतिनिधिको अभिलेख राखिनेछ । त्यस्तो बोलपत्र वालासंग भएको ठेक्का पट्टा तोड्ने कारवाही पनि गर्न सकिनेछ ।

(घ) स्थानीय एजेन्ट वा प्रतिनिधिले पाउने कमिशन अंक गलत उल्लेख गरेको प्रमाणित भएमा फरक रकम ठेकेदारले राखेको जमानत वा निजले अन्य काम बापत पाउने रकमबाट असूल गरिनेछ ।

(ङ) स्थानीय एजेन्ट वा प्रतिनिधिले पाउने कमिशन अंक गलत उल्लेख गरेको व्यहोरा कसैको उजूरीबाट प्रमाणित भएमा त्यस्तो सुराक दिने व्यक्तिलाई फरक रकमको बीस प्रतिशत रकम पुरस्कार स्वरूप दिइनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. <u>मूल नियमावलीको नियम २९ मा संशोधन</u> : मूल नियमावलीको नियम २९ को,-

(१) उप-नियम (१) को,-

(क) खण्ड (क) मा रहेको "रु. १२,००,००० (बाह्र लाख रूपैंया)" भन्ने शब्दहरूको सट्टा "रु. २,००,००,००० (दुई करोड रूपैंया)" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (ख) मा रहेको "रु. २५,००,०००, (पच्चीस लाख रूपैंया)" भन्ने शब्दहरूको सट्टा "रु. ३,००,००,००० (तीन करोड रूपैंया)" भन्ने शब्दहरू राखिएका छन् ।

(ग) खण्ड (ग) मा रहेको "रु. २५,००,००० (पच्चीस लाख रूपैंया) भन्दा बढी एक करोड रूपैंया सम्मको" भन्ने शब्दहरूको सट्टा "रु. ३,००,००,००० (तीन करोड रूपैंया) भन्दा बढी रु. ५,००,००,००० (पांच करोड रूपैंया) सम्मको" भन्ने शब्दहरू राखिएका छन् ।

(घ) खण्ड (घ) मा रहेको "एक करोड रूपैंया" भन्ने शब्दहरूको सट्टा "रु. ५,००,००,००० (पांच करोड रूपैंया)" भन्ने शब्दहरू राखिएका छन् ।

उप-नियम (२) को,-

(क) खण्ड (च) को शुरूमा रहेको "एक मात्र" भन्ने शब्द पछि "रितपूर्वको" भन्ने शब्दहरू थपिएको छ ।

(ख) खण्ड (छ) मा रहेको "वार्ताद्वारा खरीद गर्न वा" भन्ने शब्दहरू पछि "वा अमानतबाट" भन्ने शब्दहरू र सोही खण्डमा रहेको "एक करोड" भन्दा भन्ने शब्दहरूको सट्टा "पांच करोड रूपैंया" भन्दा भन्ने शब्दहरू राखिएका छन् ।

(ग) खण्ड (ज) मा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर यसरी कायम राखेको बोलपत्रवालालाई चित्त नबुझे आफ्नो बोलपत्र खारेज होस भनी पुनः बोलपत्र दाखिल गर्न निर्धारित म्याद भित्र दरखास्त दिएमा निजको बोलपत्र खारेज गरी दिनु पर्नेछ र यसरी बोलपत्र खारेज भएमा त्यस्तो बोलपत्र अस्वीकृत भए सरह जमानत फिर्ता गर्नु पर्नेछ ।"


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपिएको छ :-

"(ट) यी नियमहरू बमोजिम पर्न आएको बोलपत्र खोले पछि सो बोलपत्र पेश गर्नको लागि तोकिएको म्याद जतिकै अवधि भित्र त्यस्तो बोलपत्र स्वीकृत गर्नु पर्नेछ । सो नसकिएमा सो को कारण खुलाई एक तह माथिको अधिकृतको स्वीकृत लिनु पर्नेछ । यसरी एक तह माथिको स्वीकृत नलिई मनासिब माफिकको कारण बिना बोलपत्र स्वीकृत गरी सक्नु पर्ने अवधि भित्र बोलपत्र स्वीकृत नगर्ने अधिकारी उपर छुट्टै विभागीय कारवाही गर्न सकिनेछ ।"

(३) उप-नियम (३) मा रहेको "एक करोड रूपैया" भन्ने शब्दहरूको सट्टा "पांच करोड रूपैया "भन्ने शब्दहरू राखिएका छन् ।

(४) उप-नियम (४) मा रहेको" उपनियम (२) मा" भन्ने शब्दहरूको सट्टा" यस नियममा"भन्ने शब्दहरू राखिएका छन् ।

२१. <u>मूल नियमावलीको नियम ३१ मा संशोधन</u> : मूल नियमावलीको नियम ३१ को अन्त्यमा रहेको "अस्वीकृत गरी निजको अभिलेख समेत राखिनेछ" भन्ने शब्दहरूको सट्टा "अस्वीकृत गर्न सकिने छ र यसरी बोलपत्र अस्वीकृत गरिएमा सोको जनाउ ठेकेदार बर्गीकरण समितिलाई दिइ सोको अभिलेख राख्न लगाउनु पर्नेछ ।" भन्ने शब्दहरू राखिएका छन् ।

२२. <u>मूल नियमावलीको नियम ३२ मा संशोधन</u> : मूल नियमावलीको नियम ३२ को,-

(१) उप-नियम (२) मा रहेको "अञ्चलाधीश कार्यालय" भन्ने शब्दहरू झिकिएका छन् । र सोही उप-नियममा रहेको "स्थानीय पञ्चायत" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति, नगर पालिका, जिल्ला विकास समिति" भन्ने शब्दहरू राखिएका छन्।

(२) उप-नियम (२) पछि देहायको उप-नियम (३) थपिएको छ :-

"(३) यस नियम बमोजिम सार्वजनिक घटाघट गराउँदा संवैधानिक अंग, मन्त्रालय, विभाग वा अन्य केन्द्रीय कार्यालयको हकमा सम्वन्धित कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारी, महालेखा नियन्त्रक कार्यालय र गृह मन्त्रालयको प्रतिनिधि तथा सो बाहेक अरू कार्यालयको हकमा सम्वन्धित कार्यालय प्रमुख, स्थानीय कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला प्रशासन कार्यालयको प्रतिनिधिको रोहबरमा घटाघट गराउनु पर्नेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३. मूल नियमावलीको नियम ३५ मा संशोधन : मूल नियमावलीको नियम ३५ को,-

(१) उप-नियम (३) को सट्टा देहायको उप-नियम (३) राखिएको छ :-

"(३) उप-नियम (२) बमोजिम म्याद भित्र हाजिर नभएमा वा कबुलियत गर्न मंजुर नगरेमा निजको जमानत वापत रहेको रकम मध्ये लगत अनुमानको साढे दुई प्रतिशतले हुने रकम र लगत अनुमान नहुनेमा बोल अंकको साढे दुई प्रतिशतले हुने रकम जफत गरिनेछ । त्यस्तो अवस्थामा निज पछिको क्रमानुसारको बोल अंक भएको व्यक्तिलाई पनि उप-नियम (१) बमोजिम सूचना दिई आवश्यक जमानत लिई ठेक्का बन्दोबस्त गर्न सकिनेछ। यसरी क्रमानुसारको रकमको बोलपत्र दिने व्यक्तिले पनि उप-नियम (२) बमोजिमको म्याद भित्र हाजिर नभएमा वा कबुलियत गर्न मंजुर नगरेमा निजको पनि यो उप-नियम बमोजिम जमानत जफत गरिनेछ ।

तर त्यसरी ठेक्का बन्दोबस्त गर्दा पहिलो बोलपत्र दिने व्यक्तिको बोल अंक लगत अनुमान भएकोमा लगत अनुमानको दश प्रतिशत अंक भन्दा बढी हुनु हुँदैन बढी भएमा पुनः बोलपत्र आव्हान गर्नु पर्नेछ । पुनः बोलपत्र आव्हान गर्दा काममा बाधा पर्ने भएमा बोलपत्र स्वीकृत गर्ने अधिकृतले आफू भन्दा एक तह माथिको अधिकृतको सहमती लिई स्वीकृत गर्नु पर्नेछ ।"

(२) उप-नियम (३) पछि देहायको उपनियम (३क) थपिएको छ :-

"(३क)स्वीकृत बोलपत्रवालाले नियम २४ को उपनियम (७) बमोजिमको जमानत वापत राखेको रकम निजले यस नियम बमोजिम संझौता नगरेसम्म फिर्ता दिइने छैन ।"

२४. मूल नियमावलीमा नियम ३५क. थप : मूल नियमावलीको नियम ३५ पछि देहायको नियम ३५क. थपिएको छ :-

"३५क.म्याद थप गर्ने : (१) यी नियमहरु बमोजिम भएको ठेक्का पट्टाको संझौतामा तोकिएको अवधि भित्र ठेकेदारले कुनै मनासिब माफिकको कारण परी काम पुरा गर्न नसकिने अवस्था परेमा निजले सो को कारण खुलाई काम पुरा गर्नु पर्ने अवधि समाप्त हुनु भन्दा घटीमा ३० दिन अगावै सम्बन्धित कार्यालयमा म्याद थपको लागि निवेदन दिनुपर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम म्याद थपको लागि निवेदन परेमा संझौता बमोजिम पूरा गर्नु पर्ने काम मध्ये के कति पुरा भयो के कति बाँकी छ र सो बाँकी काम कति पूरा हुन नसकेको छानवीन गरी कारण मुनासिव देखिएमा सम्बन्धित कार्यालयले उपनियम (३क) बमोजिमको म्याद थप गरी दिन सक्नेछ ।

(३) मनासिव माफिकको कारण नभई ठेकेदारको ढिलाईको कारणबाट संझौतामा तोकिएको अवधि भित्र काम पुरा हुन नसकेको भए त्यस्तो ठेकेदारसंग बाँकी कामको वार्षिक दश प्रतिशतका दरले हर्जाना लिने गरी देहायका अधिकारीले देहाय बमोजिमको म्याद थप गरी दिन सक्नेछ :-

(क) काम सम्पन्न गर्ने तोकिएको अवधिको एक चौथाई अवधि थप गर्नु पर्ने भए कार्यालय प्रमुखले,

(ख) काम सम्पन्न गर्ने तोकिएको अवधिको एक तिहाई अवधि थप गर्नु पर्ने भए विभागीय प्रमुखले र

(ग) काम सम्पन्न गर्ने तोकिएको अवधिको एक तिहाई भन्दा बढी अवधिको लागि म्याद थप गर्नु पर्ने भए सम्बन्धित मन्त्रालयको सचिवले,

तर नियम २३ बमोजिम नियुक्त हुने व्यक्ति वा फर्मको म्याद थप गर्ने अधिकार सम्बन्धित मन्त्रालयको सचिवलाई मात्र हुनेछ ।

(४) उपनियम (३) को खण्ड (ग) बमोजिम म्याद थप गर्दा सम्बन्धित मन्त्रालयका सचिवले सो मन्त्रालयका वैदेशिक, योजना र लेखा शाखाका अधिकृत कर्मचारीहरु समेतबाट उपनियम (२) मा उल्लेख भए बमोजिम कुराहरु छानवीन गर्न लगाउनु पर्नेछ ।

(५) माथि उपनियमहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि यस नियम बमोजिम म्याद थप गर्दा आर्थिक दायित्व बढ्ने रहेछ भने म्याद थप गर्ने अधिकारी वा कार्यालयले श्री ५ को सरकारको स्वीकृती लिनु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. <u>मूल नियमावलीको नियम ३६ मा संशोधन</u> : मूल नियमावलीको नियम ३६ को,-

(१) उप-नियम (१) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छ :-

"तर पट्टा कवुलियत बमोजिम काम शुरु नगरेमा वा काम शुरु गरी बीचमा छोडेमा वा कवुलियत बमोजिमको कामको प्रगति नगरेमा ठेक्का दिने अधिकारीले ठेक्का तोड्न सक्नेछ। यसरी ठेक्का तोडिएमा ठेकेदारको सो काम वापत राखेको जमानत पुरै जफत हुनेछ र सो अपूरो काम पूरा गर्न ठेक अंक भन्दा जे जति बढी खर्च पर्दछ त्यति नोक्सानी भएको रकम ठेकेदारको बिलबाट कटाएको ५ प्रतिशत रकम तथा अन्य कुनै काम वापतको रकमबाट असूल गर्नु पर्नेछ । यसरी असूल गर्दा पनि नपुग भएमा प्रचलित कानून बमोजिम निजबाट नपुग रकम असूल उपर गरिनेछ ।"

(२) उप-नियम (१) पछि देहायको उप-नियम (२) थपिएको छ :-

"(२) उप-नियम (१) बमोजिम ठेक्का तोडिए पछि सो काम कसरी गराउने भन्ने निर्णय एक तह माथिको अधिकृतबाट हुनु पर्नेछ ।"

२६. <u>मूल नियमावलीको नियम ३७ मा संशोधन</u> : मूल नियमावलीको नियम ३७ मा रहेको "तीन महिना पछि" भन्ने शब्दहरु पछि "ठेक्का पट्टाको शर्तहरु सबै पूरा भएको र आयकर बुझाएको प्रमाण हेरी" भन्ने शब्दहरु थपिएका छन् ।

२७. <u>मूल नियमावलीको नियम ३९ मा संशोधन</u> : मूल नियमावलीको नियम ३९ को उप-नियम (१) मा रहेको "लिलाम गर्नु गराउनु हुदैन" भन्ने शब्दहरुको सट्टा" लिलाम, मर्मत र हस्तान्तरण गर्नु गराउनु हुदैन" भन्ने शब्दहरु राखिएका छन् ।

२८. <u>मूल नियमावलीको नियम ४० मा संशोधन</u> : मूल नियमावलीको नियम ४० को सट्टा देहायको नियम ४० राखिएको छ :-

"४०. <u>लिलाम गर्ने व्यवस्था</u> : (१) पुरानो भै काममा आउन नसक्ने वा टुटफुट भै बेकम्मा भएका मालसामानहरु वा लिलाम बिक्री गर्नु पर्ने भनी कार्यालय प्रमुखले ठहराएका मालसामानहरु मध्ये परल मूल्य नखुलेकोमा हाल मूल्यांकन भएको मूल्यमा पांच हजार रुपैयासम्म र परल मूल्य खुलेकोमा पच्चीस हजार रुपैयासम्म परल मूल्य भएका मालसामान कार्यालय प्रमुखले लिलाम गर्न सक्नेछ। पच्चीस हजार रुपैया भन्दा बढी परल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

326

मूल्यका मालसामानहरू लिलाम बिक्री गर्नु पर्ने भए कार्यालय प्रमुखले लिलाम गर्नु पर्ने ठहराएका मालसामानहरू जांचबुझ सर्वेक्षण एवं मूल्यांकन गरी लिलाम बिक्रीको सिफारिश गर्न उप-नियम (२) बमोजिमको समितिले प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम प्रतिवेदन पेश गर्ने संबैधानिक अंग, मन्त्रालय, विभाग र अन्य केन्द्रीय कार्यालयको हकमा सम्वन्धित कार्यालय प्रमुख वा निजले तोकेको अधिकारीको अध्यक्षतामा महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधि र गृह मन्त्रालयको प्रतिनिधि रहेको समिति रहनेछ र सो बाहेक अन्य कार्यालयका हकमा सम्वन्धित कार्यालय प्रमुखको अध्यक्षतामा स्थानीय कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि र जिल्ला प्रशासन कार्यालयले तोकेको प्रतिनिधि रहेको समिति रहनेछ ।

(३) उप-नियम (२) बमोजिम गृह मन्त्रालय वा जिल्ला प्रशासन कार्यालयले प्रतिनिधि खटाउंदा सम्भव भएसम्म जांचबुझ सर्वेक्षण एवं मूल्यांकन गरिने मालसामानको ज्ञान भएको कर्मचारी खटाउनु पर्नेछ ।

(४) भारी उपकरणहरू सवारी साधन तथा एक लाख रूपैंया भन्दा बढी मूल्य पर्ने अन्य उपकरणको सम्वन्धमा उप-नियम (२) बमोजिमको समितिले प्रतिवेदन पेश गरेपछि त्यस्तो प्रतिवेदन सम्वन्धित कार्यालय प्रमुखले सात दिन भित्र सम्वन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

(५) उप-नियम (४) बमोजिम सम्वन्धित मन्त्रालय समक्ष प्रतिवेदन प्राप्त भएपछि त्यस्तो प्रतिवेदन सम्वन्धमा सर्वेक्षण एवं मूल्यांकन गर्न सो मन्त्रालयले देहायका सदस्यहरू भएको समिति गठन गरी सर्वेक्षण एवं मूल्यांकन गराउनु पर्नेछ :-

(क) सम्वन्धित मन्त्रालयका सचिवले तोकेको राजपत्रांकित प्रथम श्रेणीका पदाधिकारी — अध्यक्ष

(ख) जलश्रोत मन्त्रालयको प्रतिनिधि रा.प. द्वितिय श्रेणीका मेकानिकल इन्जिनियर — सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) निर्माण तथा यातायात मन्त्रालयका प्रतिनिधि (रा.प. द्वितिय श्रेणीको मेकानिकल इन्जिनियर) सदस्य

(घ) महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधि (रा.प. द्वितिय श्रेणी) सदस्य

(ङ) सम्बन्धित मन्त्रालयको प्रतिनिधि (रा.प. द्वितिय श्रेणी) सदस्य

(६) उपनियम (२) वा (५) बमोजिमको समितिले मालसामानको मूल्य कायम गर्दा मालसामानको उपयोगिता, सेवा आयु, ह्रासकट्टी, अवशेष मूल्य र बजार मूल्य समेत विचार गर्नु पर्नेछ ।

(७) कार्यालय प्रमुखले लिलाम बिक्री गर्नु पर्ने ठहराएका मितिले एक महिना भित्र उपनियम (२) बमोजिमको समितिका सदस्यहरुलाई आमन्त्रण गरी प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(८) भारी उपकरण, सवारी साधन र एक लाख रूपैया भन्दा बढी परल मूल्य भएका उपकरणको सम्वन्धमा उपनियम (४) बमोजिमको प्रतिवेदन प्राप्त भएको मितिले दुई महिना भित्र सम्वन्धित मन्त्रालयले उपनियम (५) बमोजिमको समितिका सदस्यहरुलाई आमन्त्रण गरी प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(९) भारी उपकरण सवारी साधन र एक लाख रूपैंया भन्दा बढी परल मूल्य भएका उपकरणको सम्वन्धमा उपनियम (८) बमोजिमको प्रतिवेदन सम्वन्धित मन्त्रालयमा पेश भई सो मन्त्रालयले पनि त्यस्ता मालसामान लिलाम बिक्री गर्ने ठहराई आदेश दिए पछि र अन्य मालसामानको हकमा उप-नियम (९) बमोजिमको समितिको प्रतिवेदन प्राप्त भए पछि सम्वन्धित कार्यालय प्रमुखले उप-नियम (१०) बमोजिम लिलाम बिक्रीको निम्ति सूचना प्रकाशित गर्नु पर्नेछ ।

तर एक पटकमा एक लाख रूपैया भन्दा बढी परल मूल्य भएका मालसामान लिलाम बिक्री गर्नु पर्ने भए लिलाम बिक्रीको सूचना प्रकाशित हुनु अगावै उपनियम (१५) बमोजिमको अधिकारीको स्वीकृती लिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१०) परल मूल्य एक लाख रुपैयासम्मको मालसामान लिलाम बिक्री गर्न पन्ध्र दिनको र सो भन्दा बढी मूल्यको मालसामान लिलाम बिक्री गर्न एकाइस दिनको म्याद दिइ देहायका कुराहरु समेत खुलाई सूचना प्रकाशित गर्नु पर्नेछ :-

(क) मालसामानको विवरण,
(ख) मालसामानको न्यूनतम मूल्य,
(ग) लिलाम बढाबढ हुने स्थान, समय र मिति,
(घ) न्यूनम मूल्यबाट नै बढाबढ शुरु हुने कुरा,
(ङ) लिलाम सकार गर्न बोलिएको अंकको पांच प्रतिशतले हुने नगद तुरुन्त धरौटी राख्नु पर्ने कुरा।
(च) अन्य आवश्यक कुराहरु,

(११) माथि उप-नियमहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि बोलपत्रबाट लिलाम बिक्री गर्न मनासिब देखिएमा मालसामान हेर्न सक्ने व्यवस्था मिलाई उप-नियम (१०) बमोजिम म्याद दिई बोलपत्र माग गर्न सकनेछ ।यसरी बोलपत्र आव्हान गरिएकोमा बोल अंकको पांच प्रतिशनले हुने रकम बराबरको जमानत वा नगद बोलपत्र साथ राख्नु पर्नेछ ।

(१२) उप-नियम (१०) र (११) बमोजिम लिलाम बिक्री गर्न वा बोलपत्र माग गर्ने सम्बन्धमा सूचना प्रकाशित गर्दा कार्यालय प्रमुखले त्यस्तो सूचना आफ्नो कार्यालय, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, स्थानीय गाउँ विकास समिति वा नगर पालिका र जिल्ला विकास समिति र अन्य सार्वजनिक स्थानमा टांसन लगाउनु पर्नेछ।

(१३) लिलाम सकार गरेको जिन्सी सामान सम्बन्धित कार्यालयले तोकेको अवधि भित्र कबोल गरेको पूरा रकम बुझाई नउठाएमा राखिएको धरौटी जफत गरी पुनः लिलाम गर्न सकिनेछ ।

(१४) लिलाम बढाबढ गर्दा पनि न्यूनतम मूल्य कबोल नगरेमा उप-नियम (२) र (४) बमोजिमको समितिबाट पुनः मूल्यांकन गराई लिलाम बढाबढ गराउनु पर्नेछ । यसरी पुनः मूल्यांकन गरिएको मूल्यमा पनि लिलाम बढाबढ हुन नसकेमा उप-नियम (१५) बमोजिमको अधिकारीको स्वीकृती लिई कार्यालय प्रमुखले जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालयको प्रतिनिधिको रोहवरमा सीधै बिक्री गर्न सक्नेछ ।

(१५) उप-नियम (९) बमोजिम लिलाम बिक्रीको स्वीकृती माग भएकोमा परल मूल्य पच्चीस लाख रुपैंयासम्मको मालसामानको हकमा सम्बन्धित विभागीय प्रमुखले र सो भन्दा बढी परल मूल्यको सामानको हकमा सम्बन्धित मन्त्रालयको सचिवले स्वीकृती दिन सक्नेछ ।

(१६) लिलाम गर्ने मालसामानको मूल्यांकन गर्दा ह्रास कट्टी आय कर ऐन, २०३१ बमोजिम गर्नु पर्नेछ ।"

२९. <u>मूल नियमावलीको नियम ४२ मा संशोधन</u> : मूल नियमावलीको नियम ४२ को सट्टा देहायको नियम ४२ राखिएको छ :-

"४२. <u>ज्यालाको दर रेट</u> : (१) प्रत्येक जिल्लामा आफ्नो र जिल्ला भरी वा जिल्लाको कुनै भागमा छुट्टै हुने गरी ज्यालाको दर रेट निश्चित गर्न देहायको सदस्यहरु भएको एक समिति गठन हुनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| (ख) | इन्जिनियर, जिल्ला आवास तथा शहरी विकास शाखा | सदस्य |
| (ग) | जिल्ला विकास समितिले तोकेको एक जना | सदस्य |

(२) उपनियम (१) बमोजिमको समितिमा अध्यक्ष सहित दुई जनाले गरेको निर्णय मान्य हुनेछ ।

(३) उपनियम (१) बमोजिमको समितिले आफ्नो जिल्ला भित्रको क्षेत्रको ज्याला दर निर्धारण गर्दा यथासंभव ज्यालाको दरमा एकरुपता हुने गरी प्रचलित दरको आधारमा निर्धारण गर्नु पर्नेछ ।

(४) प्रत्येक आर्थिक वर्षको ज्यालाको दर रेट श्रावण महिना भित्र निर्धारण गरी सक्नु पर्नेछ । सो समय भित्र ज्यालाको दर रेट निर्धारण गर्ने तर्फ कारवाही गर्नु सम्बन्धित प्रमुख जिल्ला अधिकारीको कर्तव्य हुनेछ ।

(५) उपनियम (१) बमोजिमको समितिको काम गर्नलाई प्रमुख जिल्ला अधिकारीले आफ्नो कार्यालयको कुनै अधिकृतलाई सो समितिको सचिव तोक्न सक्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६१

३०. मूल नियमावलीको नियम ४४ मा संशोधन : मूल नियमावलीको नियम ४४ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :-

"(१) नियम ४२ बमोजिम निर्धारित ज्यालाको दर रेटको सूचना सम्बन्धित प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्ला भित्रका सबै कार्यालयहरूमा पठाई सो को जनाउ सबै मन्त्रालयहरू तथा महालेखा परीक्षकको विभागमा समेत दिनु पर्नेछ ।"

३१. मूल नियमावलीको नियम ५७ मा संशोधन : मूल नियमावलीको नियम ५७ मा रहेको "तर अर्थ मन्त्रालयले प्रत्यायोजन गर्ने अधिकारलाई यसले बाधा पु-याउने छैन ।" भन्ने वाक्यांशको सट्टा "तर लेखा प्रमुखको राय लिई निर्णय गर्नु पर्ने विषयको अधिकार प्रत्यायोजन गर्दा लेखा प्रमुख भन्दा माथिल्लो तहको कर्मचारीलाई गर्नु पर्नेछ" भन्ने वाक्यांश राखिएको छ ।

३२. खारेजी : मूल नियमावलीको नियम ४९ खारेज गरिएको छ ।

आज्ञाले,

नारायणराज तिवारी
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा १ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको दफा २६ नेपाल अधिराज्यभर आजैको मितिदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

आज्ञाले,

मुकुन्दशम्शेर थापा
श्री ५ को सरकारको सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६८२